# प्रतिवेदन
# २४औं विश्व अल्जाइमर चेतना दिवस
## २०७४ असोज २ सन्दर्भ, (२१ सेप्टेम्बर, २०१७)




**<u>प्रतिवेदन पेश गर्ने निकायः</u>**

राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ

जगतनारायण मन्दिर, शंखमूल, ललितपूर

फोन:०१-५२६०३४७

ईमेलः nascifnp@gmail.com

# प्रगति प्रतिवेदन

## १. पृष्ठभूमिः

**विगत केही वर्ष देखी यता** महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ र अल्जाईमर विस्मृति समाज नेपालको संयुक्त आयोजनामा सरोकारवाला संघ संस्थाहरूको वृहत् सहभागितामा विश्व अल्जाइमर दिवस विविध चेतनामूलक कार्यक्रमहरू सहित मनाईदै आईरहेको छ । यसै दिवसको सन्दर्भमा यस वर्षको २४औं विश्व अल्जाईमर चेतना दिवस पनि *"Remember Me"* भन्ने नाराका साथ विभिन्न चेतनामूलक कार्यक्रमको आयोजना गरि मनाइयो ।

## २. कार्यक्रमको औचित्यः

वृद्धावस्था प्राप्त भएपछि मनोभ्रंश (Dementia) को समस्या करिब ३ प्रतिशतमा देखा पर्दछ र नेपालमा अहिले ७८,००० व्यक्तिमा यो रोग लागेको अनुमान छ । यसमा पहिले विकास गरिएको मानसिक र बौद्धिक क्षमताको ह्रास हुन्छ । यो रोग लागेको व्यक्ति आफ्नो स्मरण शक्ति गुमाउँछ खास गरि, वर्तमान घटनाबारे । पछि त विस्मृति बढ्दै जान्छ, यहाँ सम्मकि उसले आफ्नो घर, आफ्नो बस्ने कोठा आदि पनि ठम्याउन सक्दैन र आफ्नो पति/पत्नीलाई पनि चिन्दैन । भोजन गऱ्यो कि गरेन कुरा पनि सम्झन सक्दैन । अन्तिम अवस्थामा रोगी ओछ्यान समात्छ (Bed ridden), दिशा-पिशाब गरेको थाहा हुदैन र पाँच साँत वर्ष भित्र प्राण त्याग गर्दछ । तसर्थ, यस्ता रोगीलाई स्याहार सुसारको नितान्त आवश्यकता पर्दछ । प्रारम्भिक अवस्थामा रोगीलाई उपचार गरेमा रोगको तीव्रगति कम गर्न सकिन्छ । तर जनसाधारणले विस्मृति वृद्धावस्थाको एक सामान्य लक्षण भन्ठानेर वास्ता गर्दैनन् । तसर्थ जनचेतनामूलक कार्यक्रम संचालन गर्न अत्यावश्यक छ ।

यस दिवसको उपलक्ष्यमा विभिन्न चेतनामूलक कार्यक्रम सहित यो दिवस प्रत्येक २१ सेप्टेम्बरका दिन मनाईने गरिएको छ ।

## ३. कार्यक्रमको उद्देश्यः

कार्यक्रमको मूल उद्देश्य अल्जायमर रोग बारे विभिन्न माध्यमवाट व्यापक रूपमा प्रचार-प्रसार गर्ने हो ।

## ४. दिवस कार्यक्रमको सन्दर्भमा संचालन भएका कार्यक्रमहरूको संक्षिप्त विवरणः

### १. ह्याण्ड विल वितरणः

अल्जाईमर रोग बाट चेतना फैलाउने उद्देश्यले **१५,०००** थान ह्याण्डबिल/पोष्टर प्रकाशन गरि वितरण भयो । सम्पूर्ण ह्याण्डबिलहरू सरोकारवाला निकायहरू, स्कुलहरू तथा आवद्ध संस्थाहरूमा स्वयम्सेवकहरू मार्फत वितरण गरिएको थियो । यो ह्याण्ड विल आम जनतामा चेतना फैलाउने महत्वपूर्ण माध्यम रहेको थियो ।

### २. मूल समारोह कार्यक्रमः

विभिन्न चेतनामूलक कार्यक्रमका साथ २०७४ असोज २ गते साप फल्चाको सभाहलमा २४औं विश्व अल्जाइमर चेतना दिवसको मूल समारोह कार्यक्रम सम्पन्न भयो । नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय एवं राष्ट्रिय ज्येष्ठ नागरिक महासंघ र अल्जाइमर विस्मृति समाज

नेपालको संयुक्त आयोजनामा यो दिवस मनाइएको थियो । राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका सहकोषाध्यक्ष श्री श्याम बहादुर श्रेष्ठबाट संचालन भएमो मूल समारोहको कार्यक्रम महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका माननीय मन्त्री श्री आशा कोईरालाको प्रमुख आतिथ्य रहेको समारोहमा राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका उपाध्यक्ष श्री मदनदास श्रेष्ठबाट सभाध्यक्षता गर्नुभएको थियो । साथै महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव श्री प्रेम कुमार राई र सहसचिव श्री महेन्द्र कुमार थापाले आतित्य ग्रहण गर्नु भएको थियो ।

**क) स्वागत मन्तव्यः श्री मनोहर उप्रेती**




राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका सचिव श्री मनोहर उप्रेतीज्यूबाट सो दिवसको समारोहमा उपस्थित हुनुभएका प्रमुख अतिथि, अतिथि लगायत अन्य सहभागीलाई स्वागत गर्नु भएको थियो । साथै अल्जाइमर रोगवारे र यो दिवसको कार्यकमको उद्देश्य बारेमा प्रकाश पार्नु भएको थियो ।

**ख) उद्घाटन**

समारोहमा प्रमुख आतिथ्य ग्रहण गर्नुभएका महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका मन्त्री माननीय आशा कोईरालाबाट गमलामा जल सिंचन गरि औपचारिक रूपमा कार्यकमलाई **उद्घाटन गर्नुभएको थियो ।**



**ग) कार्यपत्र प्रस्तुतिः डा. रमेश कडेल**

बुढ्यौली रोग विशेषज्ञ (Geriatrician) डा. रमेश कडेलज्यूले अल्जाइमर रोगको बारेमा कार्य पत्र प्रस्तुत गर्नु भएको थियो ।

विशेष गरेर ६५ वर्ष माथिका व्यक्तिलाई विर्सने रोग (अल्जाइमर) लाग्न सक्छ र ८५ वर्ष माथिका ५० प्रतिशत मानिसलाई यो रोग लाग्ने सम्भाबना रहेको भन्ने उल्लेख गरिएको थियो । यो रोग लाग्न नदिनका लागि जस्ले अष्टाङग योग गर्छ वा निरन्तर प्राणायाम गर्छ र आफ्नो दिमागलाई सधै व्यस्त राख्छ उसलाई अल्जाइमर रोग लाग्ने सम्भावना न्यून रहन्छ । अथवा रोग लागे पनि प्रगति मत्थर हुन्छ । मानिसको उमेर वृद्धि संगै मस्तिष्क सुक्दै जाने र मानिसको स्मरण शक्तिमा कमी आएर विस्मृतिमा पुग्ने वहाँको कथन थियो । यो रोगको प्रभावकारी औषधि पत्ता लागेको छैन । तथापी प्रारम्भिक अवस्थाको औषधोपचार गरेमा तीव्रता कम गर्न सकिन्छ । विरामीलाई परिवार र आफन्तको हेरचाह र रेखदेख नै विरामीको सजिलोसंग जीवन यापनको प्रमुख उपाय भएको कार्यपत्रमा प्रस्तुत थियो । साथै अल्जाइमर रोग लाग्न नदिन सधै दिमागलाई सक्रिय राख्ने कुनै न कुनै कुरामा व्यस्त राख्नु पर्दछ । यो रोग लाग्न हतपत दिदैन भन्ने कुराको पनि जानकारी गराउनुभयो । कार्यपत्र प्रस्तुति पश्चात् सहभागीहरूले राखेका प्रश्न एवं जिज्ञासाको पनि वहाले उत्तर दिनुभएको थियो ।

**मन्तव्यः**

**घ) श्री प्रेम कुमार राईः**




विशेष आतित्य ग्रहण गर्नु भएका महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव श्री प्रेम कुमार राईज्यूले समारोहलाई सम्बोधन गर्ने कममा अल्जाइमर रोग सम्वन्धी चेतना जगाउने जस्ता कार्यकम संचालन गर्न मन्त्रालयले राष्ट्रिय ज्येष्ठ नागरिक महासंघसंगको सहकार्यमा कुनै कसुर बाँकी नराखी सम्पूर्ण जिल्ला जिल्लामा चेतनामूलक कार्यकमहरू संचालन गर्नमा बजेट विनियोजन गर्ने उद्घोष गर्नुभयो । उर्जाशील समयमा परिवार, समाज र राज्यको निमित्त समपर्ण गरेका नागरिकलाई बुढेसकालमा आएर यस्ता प्रकारको रोग लागेको अवस्थामा सवै सरोकारवालाले विशेष ध्यान पुऱ्याउनु पर्दछ भन्ने कुरा राख्दै यस तर्फ मन्त्रालयको तर्फबाट गर्न सक्ने सहयोगको लागि सदैव तत्पर रहेको प्रतिवद्धता व्यक्त गर्नु भयो ।

**ङ) माननीय आशा कोईरालाः**




समारोहका प्रमुख अतिथि महिला, बालबालिका तथा समाज कल्याण मत्रालयका माननीय मन्त्री आशा कोईरालाज्यूले समारोहलाई सम्बोधन गर्ने क्रममा अल्जाइमर रोग ज्येष्ठ नागरिकको लागि एक प्रमुख रोग भएकोले यसतर्फ गम्भीर भएर उचित प्रकारको कार्यक्रम ल्याउन सरकारलाई विशेष पहल गर्ने जानकारी दिनुभयो । कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा दिवसको सान्दर्भिकतालाई जोड्दै, यसलाई अझ व्यापक रूपमा चेतना अभिवृद्धि गर्दै, समाजका टोल-टोलमा अल्जाइमर नर्सिङ केयर युनिटको स्थापना गर्ने, अल्जाइमर रोगीको छुट्टै प्रकारले उपचार गर्नु पर्ने भएकाले कम्तिमा हाललाई प्रत्येक सरकारी अस्पतालहरूमा अल्जाइमर रोग वार्डको व्यवस्था गर्ने जस्ता विषयमा कार्यक्रम ल्याई संचालन गर्नु पर्ने जोड दिदै, यसको लागि मन्त्रालय तर्फबाट सम्वन्धित निकायहरूमा आवश्यक कदम चाल्ने प्रतिबद्धता जनाउनु भयो ।

**छ) मदनदास श्रेष्ठः**

समारोहमा अध्यक्षता गर्नुभएका राष्ट्रिय ज्येष्ठ नागरिक महासंघका अध्यक्ष मदनदास श्रेष्ठज्यूले कार्यक्रमलाई सम्वोधन गर्दै, वहाँले राज्यवाट विशेष प्रकारका कार्यक्रमहरू संचालन गर्न सम्वन्धित पक्ष समक्ष हार्दिक अनुरोध गर्नुभयो । सामाजिक क्षेत्रमा लागेका संघ-संस्था तथा व्यक्तिले पनि यस क्षेत्रमा विशेष ध्यान दिएर यो सवालमा कार्य गर्न आग्रह गदै, उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि लगायल सम्पूण उपस्थित महानुभावहरूलाई धन्यवाद दिदै कार्यक्रम समापन गर्नु भएको थियो ।




समाप्त